# गढवा गाउँपालिकाको सत्रौ अधिवेशनको तेस्रो बैठक
## २०८२ साल असार १० गते मंगलबार
## गाउँपालिका उपाध्यक्ष श्री शारदा कुमारी चौधरीले
## प्रस्तुत् गर्नुभएको बजेट बक्तव्य

यस गरिमामय सभाका सभा अध्यक्ष ज्यू,
सभाका सचिव ज्यू
सम्पूर्ण वडा अध्यक्ष ज्यू
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
उपस्थित राष्ट्रसेवक कर्मचारीहरु ।

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गढवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभाको सत्रौ अधिवेशनमा गढवा गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

यस गौरवपूर्ण क्षणमा म संघीय लोकतान्त्रिक गणतन्त्रका लागि विभिन्न कालखण्डमा संघर्षहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानूनको निर्माण, गाउँपालिकाको विभिन्न विषयमा गुरुयोजना तथा विकास योजना तर्जुमा, जनशक्ति व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले थप अघि बढ्ने आधार र प्रेरणा प्रदान गरेको छ। सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धीहरु हाँसिल गरेको छ ।

**अध्यक्ष महोदय,**
यस गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनको बैठकमा आर्थिक वर्ष २०८०/०८१ को यथार्थ, चालु आर्थिक वर्ष २०८१/०८२ को संसोधित अनुमान र आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित अनुमान पेश गरेको छु ।

| सि.नं. | आर्थिक वर्ष | चालु खर्च | पूजिगत खर्च | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | आ.व. २०८०/०८१ को यथार्थ विवरण | **४४ करोड ०७ लाख** | **१९ करोड ५९ लाख** | **६३ करोड ६६ लाख** |
| २ | आ.व. २०८१/०८२ को संसोधित अनुमान | **४० करोड ७७ लाख २७ हजार १ सय ३३** | **३० करोड १४ लाख ४१ हजार ५ सय ३७** | **७० करोड ९१ लाख ६८ हजार ६ सय ७०** |
| ३ | आ.व. २०८२/०८३ को प्रस्तावित विवरण | **५१ करोड ८३ लाख २२ हजार अर्थात ६५.८१** | **२६ करोड ९२ लाख ७२ हजार अर्थात ३४.१९** | **७८ करोड ७५ लाख ९४ हजार** |

शारदा कुमारी चौधरी
उपाध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिशत | प्रतिशत | |

**अध्यक्ष महोदय,**

म आर्थिक बर्ष २०८२/०८३ मा विभिन्न सरोकारवाला पक्षहरूबाट प्राप्त राय सुझाव, वडाहरूबाट प्राप्त माग, विभिन्न समयमा भएका बजेट तथा कार्यक्रमको समिक्षा र आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमका आधारहमा बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत् गर्न गईरहेको छु।

**बजेटका उद्देश्यहरू :-**

- संविधान वमोजिम स्थानीय तहलाई जनता निकटको सरकारका रूपमा स्थापित गर्नु ।
- शिक्षा, स्वास्थ्य, कृषि र रोजगार लगायत सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु ।
- निशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु ।
- सुरक्षित आवास सहित विपद् व्यवस्थापन तथा मानब अधिकारको रक्षा गर्नु ।
- कृषि तथा पशुपालनमा व्यवसायिकरण तथा आधुनिकिकरण गरी रोजगारीको सृजना मार्फत उद्यमशिलता र आत्मनिर्भरताको विकास गर्नु ।
- पूर्वाधारहरूको विकास र विस्तार गर्दै मानव मैत्री र गुणस्तरीय पूर्वाधार निर्माण गर्नु ।
- समावेशी विकासको अवधारणा मार्फत् सामाजिक रूपान्तरण र समृद्धि कायम गर्नु।
- सडक, विद्युत, स्वच्छ खानेपानी जस्ता आधारभूत विकासका पूर्वाधारहरूबाट गढबाबासीको सामाजिक तथा मानव विकासको स्तरलाई बढाउदै जानु ।
- महिला, दलित, जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक, लोपोन्मुख, सिमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक लगायतका सम्पूर्ण लक्ष्यीत समुदायको हकहित सम्वर्द्धन गर्दै समावेशी विकासको आधार तयार गर्नु ।

**बजेटका प्राथमिकताहरू :-**

- **शिक्षा**
- **स्वास्थ्य**
- **कृषि तथा पशुपालन**
- **पूर्वाधार विकास**
- **युवा उद्यमशिलता**
- **सिचाई**
- **भूमिहिन, सुकुम्बासी र अब्यवस्थित बसोबास**
- **स्थानीय तहको संस्थागत विकास ।**
- **रोजगारी र उत्पादनमा वृद्धि ।**
- **वन, वातावरण संरक्षण तथा दिगो विकास ।**
- **संकट तथा विपद व्यवस्थापन ।**
- **सामाजिक न्याय तथा लैङ्गिक मूलप्रवाहीकरण ।**
- **सेवा प्रवाहमा क्षमता विकास ।**

अध्यक्ष महोदय,

आ.व. २०८२/०८३ को अनुमानित आय व्यय प्रस्तुत गर्न गईरहेको छु ।

क) आ.व. २०८२/०८३ को अनुमानित आय :

| सि.नं | आय श्रोत | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | संघिय सरकार वित्तिय समानिकरण अनुदान | १३ करोड ५१ लाख |

शारदा कुमारी चौधरी
उपाध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २ | संघिय सरकार सशर्त अनुदान | २६ करोड ४६ लाख |
| ३ | संघिय सरकार समपुरक अनुदान | १ करोड ५ लाख |
| ४ | संघिय सरकार विशेष अनुदान पूँजीगत खर्च | ५७ लाख |
| ५ | संघिय सरकार राजस्व बाँडफाँड | १५ करोड ७७ लाख |
| ६ | लुम्बिनी सरकार वित्तिय समानिकरण अनुदान | ९० लाख ३२ हजार |
| ७ | लुम्बिनी सरकार सशर्त अनुदान | १ करोड ३१ लाख |
| ८ | लुम्बिनी सरकार समपुरक अनुदान | ७५ लाख |
| ९ | लुम्बिनी सरकार विषेश अनुदान | १७ लाख |
| १० | लुम्बिनी सरकार राजस्व बाँडफाँड | १ करोड ४२ लाख ४६ हजार |
| ११ | गाउँपालिकाको आन्तरिक आय (आन्तरिक राजश्व तथा कर) | १ करोड ५० लाख ४६ हजार |
| १२ | गाउँपालिकाको आन्तरिक आय (स्थानीय राजश्व बाँडफाँडबाट प्राप्त) | ६ करोड ३० लाख ९४ हजार २ सय सर्तिस |
| १३ | नदिजन्य पदार्थको विक्रि गर्दा डम्पिङ्ग खर्च वापतको आय | ५ करोड |
| १४ | आन्तरिक ऋणबाट प्राप्त हुने रकम | आन्तिरिक ऋण नलिईएको |
| १५ | संचितकोष अ.ल्या.हुने अनुमानित रकम | ४ करोड २ लाख ७५ हजार ७ सय ६३ |
| जम्मा आय | | ७८ करोड ७५ लाख ९४ हजार |

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

आगामी आ.व.को कुल आय अनुमान मध्ये चालु खर्चमा रू **५१ करोड ८३ लाख २२ हजार** र पूँजिगत खर्च तर्फ रू **२६ करोड ९२ लाख ७२ हजार** गरि जम्मा रू ७८ करोड ७५ लाख ९४ हजार व्ययको अनुमान गरेको छु । जसमध्ये

क) आर्थिक विकास तर्फ व्यय :

१. गढवा गाउँपालिकाभित्र उत्पादन भएका कृषि तथा पशु जन्य उत्पादनलाई खेर जानबाट बचाउने उद्देश्यले स्थापनार्थ शित भण्डारको निर्माणको निरन्तरताको लागि रू १ करोड रूपैंया विनियोजन गरेको छु भने उत्पादनको बजारीकरण र विभिन्न समयमा अप्रत्याशित रूपमा आउन सक्ने खाद्य संकटबाट सुरक्षित रहन खाद्य भण्डार भवन निर्माणका लागि रू ५७ लाख बजेट विनियोजन गरेको छु ।

२. गाउँगौरबका योजना अर्न्तगत कोल्ड स्टोर निर्माणका साथसाथै कभर्ड हल निर्माणमा निरन्तरता, बनबारी बाटो स्तरोन्नती, सुतैया कटियानगाउँ बाटो स्तरोन्नती, कुमालटोल बस्ती विकास, भोजपुर विजयपुर चन्दनपुर बाटो स्तरोन्नती र कोईलाबासमा पार्क निर्माण गरि जम्मा रू २ करोड ७५ लाख बजेटको व्यवस्था गरेको छु ।

शारदा कुमारी चौधरी
उपाध्यक्ष

३. कृषि प्रणालीमा आधुनीकरण, प्रविधिकरण तथा वैज्ञानिकरण गर्न साना सिंचाई निर्माण तथा कृषि उपकरण वितरण, जैविक विषादीको प्रयोग, बाली रोग नियन्त्रण, करार खेतीमा अनुदान, गड्यौली मल उत्पादन तथा विउ सहयोग, माटो परिक्षण तथा बाली उपचार, पुष्प खेतीमा अनुदान, कृषक पाठशाला संचालन, कृषि नर्सरी, सिचाई केन्द्र संचालन, तरकारीको विउ उत्पादन लगायतका विविध कार्यक्रमका लागि कृषि तर्फ जम्मा रू ३५ लाख बजेट विनियोजन गरेको छु ।

४. पशुपन्छि तथा मत्स्य विकासका लागि औषधी खरिद, खोपको व्यवस्था, कृत्रिम गर्भाधान, रेबिज रोग विरूद्धको खोप, पशुपन्छिको उपचारको लागि निशुल्क औषधी तथा स्वास्थ्य शिविर संचालन, छाडा कुकुरको बन्ध्याकरण, हिंउदे घासको विउ वितरण र गौशाला व्यवस्थापनका लागि एकमुष्ठ रू ४६ लाख ५० हजार वजेट व्यवस्था गरेको छु ।

५. कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा युवा उद्यमशिलता साझेदारी कार्यक्रमका लागि रू. १ करोड १० लाख बजेट विनियोजन गरेको छु ।

६. रोजगारीका नयाँ नयाँ अवसरहरूको सृजना गर्दै नयाँ उद्यमी सिर्जना गर्ने, उद्यमीहरूको स्तरउन्नती गर्ने गरि रोजगारी सिर्जना गर्न उद्योग तर्फ रू. १५ लाख बजेट व्यवस्था गरेको छु ।

७ राष्ट्रिय रोजगार कार्यक्रमका लागि आन्तरिक रोजगारी सिर्जना गर्न साथै स्थानीय तहमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूसंग रोजगार प्रवर्द्धन कार्यक्रम संचालन गर्न एकमुष्ठ रू. ४१ लाख रकम व्यवस्था गरेको छु ।

८. सरकारको तिन खम्बे अर्थनीतिलाई उजागर गर्न सहकारी क्षेत्रका लागि सहकारी व्यवस्थापन तालिम, कोपोमिस तालिम, प्रविधि हस्तानतरण लगायतका सहकारी विकास कार्यक्रममा एकमुष्ट रू. ७ लाख २० हजार विनियोजन गरेको छु ।

९. अव्यवस्थित बसोवासी तथा भूमिहिन सुकुम्बासीको व्यवस्थापनका लागि आवश्यक रकम रू. ३० लाख विनियोजन गरेको छु ।

१०. कुमाल समुदायको माटोको भाडा निर्माण (सेरामिक्स) हव कार्यक्रमलाई निरन्तरता दिएको छु ।

११. पर्यटन प्रवर्द्धन, होमस्टे तालिम तथा रैथाने परामपरागत सिप तथा क्षमता विकास गरि आर्थिक विकासका लागि जम्मा रू १५ लाख रूपैया बजेट विनियोजन गरेको छु ।

ख) सामाजिक विकासतर्फ व्यय :

शारदा कुमारी चौधरी
उपाध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

१. गढवा गाउँपालिकाको शैक्षिक स्तर उन्नतिका लागि विद्यालयहरूमा विद्यालय बस तथा अटो व्यवस्थापनका लागि रू. ५० लाख र पूर्वाधार तर्फ रू. ५० लाख वजेट विनियोजन गरेको छु ।

२. माध्यमिक शिक्षा, उच्च शिक्षा र भेटनरी शिक्षा अध्ययनका लागि छात्रवृत्ती तर्फ रू. २० लाख ३६ हजार वजेट विनियोजन गरेको छु ।

३. शिक्षा योजना अन्तर्गत तोकिएका विद्यार्थीहरूका लागि दिवाखाजाको लागि रू. १ करोड १४ लाख ९१ हजार, सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानका लागि रू. ४९ लाख २२ हजार, सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि रू. २० लाख २९ हजार, गरी शिक्षातर्फ एकमुष्ठ ९ करोड ८५ लाख वजेट व्यवस्था गरेको छु ।

४. युवा तथा खेलकुद अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड, जिल्ला तथा पालिका स्तरीय खेलकुद प्रतियोगिताहरू साथै युवाहरूलाई पत्रकारिता तालिम संचालनका लागि जम्मा २५ लाख वजेट विनियोजन गरेको छु ।

५. लागू औषध दूर्व्यशनीमा परेका युवाहरू सुधार, असहाय मानव व्यवस्थापन तथा विपन्न नागरिक सहायता जस्ता मानव संवेदनायुक्त विषयहरूको व्यवस्थापनका लागि जम्मा ३२ लाख वजेट विनियोजन गरेको छु ।

६. सामाजिक सुरक्षा तथा पन्जिकरण ईकाई तर्फ क्षमता विकास, समन्वय तथा अभिमुखीकरण कार्यक्रमका लागि ५ लाख रूपैया बजेट विनियोजन गरेको छु ।

७. स्वास्थ्य सेवामा परिवार कल्याण कार्यक्रममा ५१ लाख, महामारी तथा रोग नियन्त्रण कार्यक्रममा रू. १ लाख, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम रू. १८ लाख, क्षयरोग मुक्त अभियान निरन्तरताका लागि रू. ५ लाख, विनियोजन गरेको छु ।

८. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत एक पालिका एक अस्पतालका लागि निर्माणधिन १५ सैयाको अस्पताल निर्माण सम्पन्न गरी निकट भविष्यमा सेवा सुचारू गर्नका लागि रू. १ करोड १९ लाख वजेट विनियोजन गरेको छु ।

९. निशुल्क औषधी वितरणका लागि ७२ लाख, गढवा स्वास्थ्य चौकीमा इमरजेन्सी सेवा संचालनको लागि रू. ७५ लाख, शाखागत बार्षिक कार्यक्रम रू. ५० लाख, बहुक्षेत्रिय पोषण, सामाजिक सुरक्षा, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत **"म स्वस्थ मेरो समुदाय स्वस्थ"** घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, मृगौला प्रत्यारोपण गरेका, डाइलाइस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई उपचार खर्च, सिकलसेल, एनिमिया, थालेसी मिया लगायतका सचेतना कार्यक्रम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोगथाम सम्वन्धी लगतयका कार्यक्रमको लागि एक मुष्ठ रू. २० लाख वजेट विनियोजन गरेको छु ।

शारदा कुमारी चौधरी
उपाध्यक्ष

१० विपन्न नागरिक स्वास्थ्य विमा, सर्पदंश संचालन, आँखा सम्बन्धी उज्यालो अभियान, घुम्ती अस्पतालमा जम्मा ६२ लाख विनियोजन गरेको छु ।

११. पालिकाबाट प्रदान गरिने सुत्केरी स्याहार प्रोत्साहन भत्तालाई निरन्तरता दिने व्यवस्था गरेको छु ।

१२. योग सिविर सञ्चालन, फिजियोथेरापी, शिरोधरा, स्नेहहन, स्वेदन, पञ्चकर्म सेवा, निशुल्क आर्युविद स्वास्थ्य शिविर सञ्चालन तथा अत्यावश्यक औषधी व्यवस्थापनका लागि रू. ३० लाख बजेट विनियोजन गरेको छु ।

१३. म्यादी जीवन विमा, सामाजिक सुरक्षा कोष, आर्थिक सहयोगको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४. बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमका लागि रू. १० लाख ८० हजार, लक्षित वर्गहरूको नेतृत्व विकास, संस्कृति संरक्षण, कम्प्यूटर तालिम, सहायक सामग्री खरिद लगायतका शारीरीक अशक्तता भएका व्यक्ति, मधेसी मुस्लिम, आदीवासी दलित, लोपोन्मुख, सिमान्तकृत समुदाय र जेष्ठ नागरिकका लागि एकमुष्ट रू. ४१ लाख वजेट विनियोजन गरेको छु ।

१५. गाउँपालिकाभित्रका धार्मिक संरचना निर्माण तथा कला, भाषा, धर्म, संस्कृतिको पहिचान तथा संरक्षण गर्न एकमुष्ठ रू. ५५ लाख बजेटको व्यवस्था गरेको छु ।

ग) पूर्वाधार विकासतर्फ व्यय :

१. जनताको नजिकको सरकारको रूपमा विकास निर्माणलाई सेवा प्रवाहलाई जनताले महसुस गर्ने गरी संचालन गर्न देखिने खालका पूर्वाधार निर्माणका योजनालाई प्राथमिकता दिँदै डाँडागाउँ–महदेवा–घुम्रा–चिमचिमे बाटो कालोपत्रेका लागि २ करोड १० लाख रूपैया विनियोजन गरेको छु ।

२. त्यसै गरी प्रनाह गाउँकालो पत्रेको लागि ७० लाख र ध्रैरेनी रिङ रोड निर्माणका लागि ८० लाख विनियोजन गरेको छु ।

३. गाउँपालिकाका भित्री सडकहरू नयाँ ट्र्याक खोल्ने, नयाँ बाटो निर्माण तथा स्तरोन्नतीका लागि एकमुष्ठ रू. १ करोड ४६ लाख ३० हजार रकम व्यवस्था गरेको छु ।

४. गाउँपालिकाका भित्रका खहरे खोला तथा जोखिमयुक्त वस्तीहरूको संरक्षण गर्न तटबन्धन तथा वाल निर्माणका लागि एकमुष्ठ रू. ३७ लाख ५० हजार रकम व्यवस्था गरेको छु ।

कमला कसारी चौधरी
उपाध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

५. टहडा खानेपानी, चिमचिमे खानेपानी, ठुलीचौर खानेपानी, कोईलाबास खानेपानी, महदेवा खानेपानी लगायतका विभिन्न खानेपानी योजनाको लागि रू. २१ लाख विनियोजन गरेको छु ।

६. गाउँपालिका भित्रका भित्री सडकहरूको स्तरोन्ती तथा ढल निकास गर्न नाली निर्माणका लागि एकमुष्ठ रू. ९८ लाख ८० हजार रकम व्यवस्था गरेको छु ।

७. गाउँपालिका भित्रका थोरै लगानीमा सिचाई उपलब्ध गराउन सकिने साना सिंचाई योजनाको लागि एकमुष्ठ रू. ५४ लाख ५० हजार विनियोजन गरेको छु ।

८. सुरक्षित नागरिक आवासतर्फ गाउँपालिका तथा सघं सरकारको गरि एकमुष्ट रू. ५५ लाख साथै बस्ती विकास कार्यक्रमका लागि एकमुष्ट रू १ करोड ३५ लाख विनियोजन गरेको छु ।

९. गाउँपालिकाका योजना तथा विविध कार्यक्रमतर्फ रू. २ करोड, समपुरकबाट कार्यान्वयन हुने योजनाको लागि रू. १ करोड २० लाख बजेट व्यवस्था गरेको छु ।

१०. विश्व अर्थतन्त्रमा आयको मन्दी, कोभिड १९ को पश्चगामी प्रभाव, रूस युक्रेन युद्ध आदिका कारणले राष्ट्रीय अर्थतन्त्रमा देखिएको सुस्तताका कारण अपेक्षित राजश्व तथा आयका श्रोतहरू परिचालन हुन नसक्दा पालिकाले प्राप्त गर्ने संघीय तथा प्रदेश अनुदानहरू तोके बमोजिम निकाशा नभएकोले यस पालिकाबाट चालु आ.व. मा भुक्तानी हुन नसकि सिर्जना भएको दायित्वहरू व्यहोर्नका लागि रू ५ करोड रूपैया विनियोजन गरेको छु ।

११. नदिजन्य पदार्थको डम्पिङ्ग व्यवस्थापन, कर शिविर संचालन तथा नदिजन्य पदार्थको अनुगमन व्यवस्थापनका लागि जम्मा ५ करोड ३ लाख विनियोजन गरेको छु ।

घ) वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ व्यय :

१. जलबायु परिवर्तन न्यूनिकरण, दिगो विकासका लक्ष्य अवलम्बनका लागि वन, वातावरणतर्फ रू. २० लाख, फोहर व्यवस्थापनका लागि रू. २८ लाख, विपद व्यवस्थापनतर्फ एकमुष्ठ रू. ८२ लाख बजेट व्यवस्था गरेको छु ।

ङ) प्रशासनिक तथा कार्यालय व्यवस्थापन तर्फ व्यय :

१. संस्थागत सुशासनका लागि घुम्ति शिविर संचालन, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा बजार अनुगमन लगायतका विषयहरूमा जम्मा रू २० लाख बजेट विनियोजन गरको छु ।

२. कर्मचारी तथा जनप्रतिनिधिहरूको नेतृत्व विकास लगायतका क्षमता विकास कार्यक्रम, उपभोक्ता समिति र टोल विकास संस्थाको क्षमता विकास तालिम, अन्तरसरकारी समन्वयका लागि एकमुष्ट रू १३ लाख बजेट विनियोजन गरेको छु ।

शारदा कुमारी चौधरी
उपाध्यक्ष

३. गाउँपालिकाका करार कर्मचारीको तलबभत्ता रू. २ करोड ७६ लाख, सामाजिक सुरक्षामा सहभागीताको लागि एकमुष्ट रू ९२ लाख, महंगी भत्ता रू ९१ लाख र जनप्रतिनिधीको सेवा सुविधा रू. १ करोड ३७ लाख गरी जम्मा रू ५ करोड ९६ लाख तलब भत्ता तथा सेवा सुविधामा विनियोजन गरेको छु

४. न्यायिक इजालास कार्यक्रम, मेलमिलापकर्ता लाई पुर्नताजकि कार्यक्रम, विद्यार्थीसँग कानूनी सचेतना कार्यक्रमका लागि एकमुष्ट रू ७ लाख बजेट व्यवस्था गरेको छु ।

५. स्थानीय सरकारको रक्तसंचारको रूपमा रहेको मानव संशासन विकासका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासबाट नीति निर्माणमा योग्य जनप्रतिनिधि र कार्यान्वयनमा सक्षम कर्मचारी भएमा मात्र दिगो र अपेक्षित उपलब्धी हाँसिल गर्न सम्भव हुने तथ्यलाई मनन गर्दै क्षमता विकासका लागि एकमुष्ट रू १३ लाख रकम विनियोजन गरेको छु ।

६. माथि उल्लेखित आयको अनुमान बाहेक विभिन्न स्रोतहरूबाट प्राप्त रकम यसै बजेटको अंश भई जाने व्यहोरा अवगत गराउदछु ।

गरिमामय सभाका सभा अध्यक्ष ज्यू ,
अन्त्यमा बजेट निर्माण कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/परोक्ष रूपमा रचनात्मक सल्लाह, सुझाव एवं प्रतिक्रिया दिई सहयोग गर्नुहुने जनप्रतिनिधी ज्यूहरू, कर्मचारी, नागरिक समाज, समाजसेवी, सुरक्षा निकाय, पत्रकार मित्रहरू तथा सम्पूर्ण गढवा बासीहरू आमाबुवा, दाजुभाई तथा दिदिवहिनीहरूमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरूको सक्रीय सहभागिता भई **"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार समृद्ध गढवा गाउँपालिकाको आधार"** भन्ने मूलनारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

धन्यवाद ।

प्रस्तुतकर्ता
शारदा कुमारी चौधरी
उपाध्यक्ष, गढवा गाउँपा लका

शारदा कुमारी चौधरी
उपाध्यक्ष